२०६५ साल माघ २३ गते रोज ५ का दिन १७.०० बजे प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकको निर्णय –

१. एशिया तथा प्रशान्त क्षेत्रका राष्ट्रिय मानव अधिकार संस्थाहरुको मञ्चको सदस्यता वापत नेपालले बुझाउनु पर्ने शुल्कको भुक्तानी विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको नं. १।१११-०६५।१०।२३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

२. राजीनामा (स्वैच्छिक अवकाश) स्वीकृत गर्ने (उप-महालेखा परीक्षक श्री बच्चुराम दाहालको) विषयको अर्थ मन्त्रालयको नं. २।१२९-०६५।१०।२० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

३. बजेट निकासा (संविधान सभा अदालतको लागि) विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।६४-०६५।१०।१७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

४. भ्रमण खर्च उपलब्ध गराउने (सम्माननीय प्रधान न्यायाधीश समेतलाई) विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।६५-०६५।१०।१७ को प्रस्ताव - सम्माननीय प्रधान न्यायाधीशलाई भैपरी खर्च वापत अमेरिकी डलर तीन सय उपलब्ध गराउने गरी अरु प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

५. सार्वजनिक सेवालाई समावेशी बनाउनको लागि केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०६५ को मस्यौदा स्वीकृत गरी सो अध्यादेश जारी गर्न सिफारिश गर्ने विषयको कानून, न्याय तथा संविधान सभा व्यवस्था मन्त्रालयको नं. ४।६६-०६५।१०।१९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

६. नेपाली प्रतिनिधिमण्डलको मनोनयन गर्ने (मा. मन्त्रीको नेतृत्वमा) विषयको कृषि तथा सहकारी मन्त्रालयको नं. ५।३८-०६५।१०।२२ को प्रस्ताव - प्रस्तावको प्रकरण ४ “निर्णय हुनुपर्ने व्यहोरा” अन्तर्गत प्रस्तावित व्यहोराको सट्टा देहायबमोजिम गर्ने -

(क) इटलीको रोममा आयोजना हुने International Fund for Agriculture Development को Governing Council को ३२ औं बैठकमा माननीय मन्त्रीको नेतृत्वमा ३ सदस्यीय प्रतिनिधिमण्डललाई भाग लिन पठाउने ।

(ख) माननीय मन्त्रीको भ्रमण अवधि फेब्रुअरी १६ देखि २१, २००९ सम्म कायम गर्ने ।

(ग) माननीय मन्त्रीलाई भैपरी खर्च बापत अमेरिकी डलर तीन शय उपलब्ध गराउने ।

(घ) प्रतिनिधिमण्डललाई सरकारी खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका, २०६५ को अधीनमा रही भ्रमण खर्च नियमावली, २०६४ बमोजिमको सुविधा उपलब्ध गराउने ।

७. मतदाता नामावली सम्बन्धी ऐन, २०६३ लाई संशोधन गर्न बनेको अध्यादेश, २०६५ को मस्यौदा स्वीकृत गरी सो अध्यादेश जारी गर्न सिफारिश गर्ने विषयको गृह मन्त्रालयको ६।२२४-०६५।१०।२३ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

८. राष्ट्रिय/अन्तर्राष्ट्रिय मञ्चमा युवा सहभागिता र एशियन तथा सार्क युवा अनुभव आदान प्रदान कार्यक्रम स्वीकृत गर्ने विषयको युवा तथा खेलकूद मन्त्रालयको नं. ११क।४-०६५।१०।१७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

९. सम्झौताको अनुमोदन गर्ने (SARSO र SAFTA) विषयको वाणिज्य तथा आपूर्ति मन्त्रालयको नं. १३क।२२-०६५।९।२० को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१०. व्यक्ति वेपत्ता पार्ने सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश, २०६५ को मस्यौदा स्वीकृत गरी सो अध्यादेश जारी गर्न सिफारिश गर्ने विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १५।५१-०६५।१०।१९ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

११. स्थानीय शान्ति समितिको कार्यक्षेत्रगत शर्त स्वीकृत गर्ने विषयको शान्ति तथा पुनर्निर्माण मन्त्रालयको नं. १५।५२ -०६५।१०।२२ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्ने ।

१२. विशेष बढुवा भएका कर्मचारीहरुलाई एकीकृत सेवा केन्द्र एवं गा.वि.स. सचिवमा खटाउने विषयको सामान्य प्रशासन मन्त्रालयको नं. १८।६७-०६५।१०।१७ को प्रस्ताव - प्रस्तावमा लेखिएबमोजिम गर्न सैद्धान्तिक स्वीकृति दिने ।

१३. मं.प.बै.सं. ३१।०६५ मिति २०६५।८।१८ को मन्त्रिपरिषद्को बैठकबाट ताहाचल काठमाडौं निवासी मृतक आशिष मानन्धर र रितेश रौनियारको हत्या सम्बन्धमा जाँचबुझ गर्न गठित न्यायिक जाँचबुझ आयोगले पेश गरेको यसैसाथ संलग्न प्रतिवेदन स्वीकृत गर्ने र उक्त प्रतिवेदन कार्यान्वयनको लागि गृह मन्त्रालयमा पठाउने ।

१४. एशियाली विकास बैंकको प्रधान कार्यालय, मनिलामा उच्च व्यवस्थापन समूहसंग नेपालको विकासका सम्भावना र सुधारका कार्यक्रमको बारेमा छलफल गर्न नेपाल सरकारका मुख्य सचिव डा. भोजराज घिमिरे, सम्माननीय प्रधानमन्त्रीले तोक्नुभएको स्वकीय सचिव र अर्थ मन्त्रालयका सचिव श्री रामेश्वरप्रसाद खनाल रहनु भएको तीन सदस्यीय प्रतिनिधिमण्डललाई फेब्रुअरी १६ देखि २०, २००९ सम्म मनिला भ्रमणमा पठाउने । भैपरी खर्च वापत वहाँहरूलाई जनही दुई शय पचास अमेरिकी डलर उपलब्ध गराउने । उक्त रकम अर्थ मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निकासा दिने ।

१५. भूमिसुधार सम्बन्धी उच्चस्तरीय आयोगको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा राष्ट्रिय योजना आयोगको सचिवालयका सह सचिव श्री धरणीधर खतिवडालाई तथा मुक्त कमैया पुनःस्थापन कार्यान्वयन समितिको राजपत्राङ्कित विशिष्ट श्रेणीको संयोजकमा गृह मन्त्रालयका सह सचिव श्री ध्रुवप्रसाद शर्मालाई कायम मुकायम मुकरर गर्ने । वहाँहरूको सह सचिव (राजपत्राङ्कित प्रथम श्रेणी) पदको पदाधिकार सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा सार्ने ।

१६. बुटवल नगरपालिका वडा नं.९ पुष्पनगर निवासी श्री कुमार थापाको निवेदनलाई दृष्टिगत गरी निजकी छोरी कृति थापासमेतको मुटु रोगको उपचारका लागि निजलाई दुई लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने । उक्त रकम अर्थ मन्त्रालयले गृह मन्त्रालयमार्फत निकासा दिने ।

*द्रष्टव्यः निर्णयसंग सम्वन्धित अन्य विवरण आवश्यक परेमा सम्वन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।*